Everest COLOUR
रंगाउदै देश, मेरो everest






# एभरेष्ट कलर लिमीटेड

"रँगाउदै देश, मेरो एभरेष्ट कलर"

## विशेष साधारण सभा सम्पन्न

एभरेष्ट कलर, **ISO 9001:2015** प्रमाणिकरण प्रमाण पत्र प्राप्त, नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको सुचीमा दर्ता , नेपाल गुणस्तर चिन्ह प्राप्ति उन्मुख रहेको कम्पनीले २०८२ जेठ ०७ गते कौशलटार, भक्तपुर स्थित केन्द्रिय कार्यालयमा आयोजना गरेको विशेष साधारण सभा मार्फत जारी पुँजी वृद्धि गरी रु.३० करोड र सो पुँजीको २६.३३ प्रतिशत (७,९०,००० कित्ता) शेयर रु.१०० का दरले सर्वसाधारणलाई आइपिओ मार्फत निश्कासन गर्ने तथा स्वतन्त्र संचालकमा श्री कपिल देव महत्तोलाई नियुक्त गरेको छ। कम्पनीको संचालक समीतीका अध्यक्ष श्री महेश्वर खनालज्युको अध्यक्षतामा बसेको विशेषे साधारण सभाले संचालक समीतीले प्रस्ताव गरेका अन्य सामान्य तथा विशेष प्रस्तावहरु पारीत गरेको छ।

अन्य कलर उधोग भन्दा पृथक ढँगले, सँगठीत स्वदेशी युवाहरुको लगानीमा विशेषतः नेपाल तथा नेपालीको भौतिक संरचनामा गुणस्तरीय एभरेष्ट कलर प्रयोग गराई आयात प्रतिस्थापन गर्ने, रोजगारीको श्रृजना गर्ने र आन्तरिक राजस्वमा योगदान पुर्‍याई देशको सेवा गर्ने प्रमुख उद्देश्य लिएर संचालन भइरहेको कम्पनिलाई केयर रेटींङ्गस नेपाल लि.ले डबल बी माईनस रेटींङ्ग प्रदान गरेको छ।